# यौनिकताका कोणबाट 'आवरण' उपन्यासको विश्लेषण

**राजेन्द्र खनाल, पिएच्. डी.**
आगन्तुक अध्यापक
नेपाली तथा आमसञ्चार विभाग
जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ, नेपाल
Email: sauravabhirk@gmail.com

**समकक्ष समीक्षक:** प्रा. डा. कृष्णहरि बराल
प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल

---

**सार**

*प्रस्तुत लेख यौनिकताको सैद्धान्तिक स्वरूप निर्माण गरी त्यसका आधारमा 'आवरण' उपन्यासको विश्लेषणमा केन्द्रित छ । यस लेखमा विपरीत लिङ्गी, समलिङ्गी, द्विलिङ्गी, अन्तरलिङ्गी तथा परिवर्तित लिङ्गी यौनिकताको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा उपन्यासका लैङ्गिक तथा यौनिक सन्दर्भहरूको सोदाहरण विश्लेषण गरी निष्कर्षात्मक मूल्याङ्कनसमेत गरिएको छ । आवरण उपन्यास यौनिक तथा लैङ्गिक हिंसा खेप्न बाध्य तेस्रो लिङ्गीहरूका समस्यामा आधारित छ । उपन्यासका तेस्रो लिङ्गी र अन्य पात्रहरूको स्वभाव तथा प्रवृत्ति गतिशील छ । उपन्यासमा यौनिक अल्पसङ्ख्यकप्रति अभिभावक तथा समाजको सकारात्मक बुझाइ हुनुपर्ने, तिनको जैविक अवस्थाको विशेष ख्याल गर्दै सम्मानपूर्ण व्यवहार गर्नुपर्ने पक्षतर्फ सङ्केत गरिएको छ । कृतिमा वैचारिक परिवर्तन, जिम्मेवारीबोध तथा स्वीकारलाई प्रस्तुत गर्दै तेस्रो लिङ्गीहरूलाई मूल प्रवाहीकरण गरिएको छ ।*

---

**शब्दकुञ्जि :** यौनिकता, अन्तरलिङ्गी, यौनिक विभेद र हिंसा, यौनिक चेतना र सशक्तीकरण, मूल प्रवाहीकरण।

## विषय प्रवेश

यौनिकता जन्मसिद्ध प्राकृतिक गुण हो । शारीरिक तथा मनोवैज्ञानिक पक्षहरूले यौनिकताको निर्धारण गर्दछन् । यौनिकता मानिसको व्यवहारमा प्रदर्शित हुन्छ । विपरीत लिङ्गी यौनिकतालाई परम्परादेखि नै सहज मान्यता दिइएको भए पनि समयौनिकता तथा अन्य यौनिकताका सन्दर्भहरूलाई अप्राकृतिकजस्तो ठानिन्थ्यो । अहिले यस्तो अवस्थाका व्यक्तिहरूलाई कानुनी दृष्टिले स्वीकार गरी समान व्यवहारको व्यवस्था गरिए भए पनि व्यावहारिक तथा सामाजिक रूपमा अद्यापि विभेद गरिन्छ । आवरण उपन्यास यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूको जीवनकथा हो । यो यथार्थको उद्घाटन मात्र होइन कि यौनिक सशक्तीकरणको आग्रह पनि हो । विश्लेष्य कृतिमा अन्तरलिङ्गीले भोग्नुपरेका समस्या तथा जटिलतासँग सम्बन्धित विभिन्न यथार्थ घटनालाई प्रमुख विषयवस्तु बनाइएको छ । आवरणमा स्वतन्त्र र सम्मानपूर्ण जीवनयापनका सट्टा

उपेक्षा र हिंसा भोग्न बाध्य बनाइएका पात्रको वास्तविक चित्र प्रस्तुत गरिएको छ । समाजबाट स्वीकृत मूल्यहरूलाई आधार बनाइएका नेपाली उपन्यासको आधिक्य रहे पनि यौनिकताका विशिष्ट पक्षमा केन्द्रित उपन्यास अत्यन्त सीमित छन् । आवरण उपन्यासमा अन्तरलिङ्गी यौनिकताका विषयवस्तुलाई प्राथमिकता दिई सामाजिक तथा राजनैतिक विषयवस्तुको सान्दर्भिक उठान गरिएको छ। यस लेखमा उपन्यासकार जया ओझाद्वारा लेखिएको आवरण उपन्यासको लैङ्गिक तथा यौनिक विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य यौनिकताका सैद्धान्तिक स्वरूपको परिचय दिई यौनिकताका कोणबाट *आवरण* उपन्यासको विश्लेषण गर्नु हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख वर्णनात्मक र निगमनात्मक विधिमा आधारित छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरिएको यस लेखमा आवरण उपन्यासलाई प्राथमिक स्रोत बनाइएको छ । त्यसैगरी यौनिकतासँग सम्बन्धित सैद्धान्तिक ग्रन्थहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । आवरण उपन्यासको यौनिक दृष्टिले विश्लेषण गरिएको प्रस्तुत लेखमा सैद्धान्तिक स्वरूपअन्तर्गत यौनिकताको परिचय, यौनिकताका प्रकार तथा यौनिकताको भाषा समावेश गरिएको छ भने विश्लेषणमा अन्तरलिङ्गी यौनिकताको प्रकृति, यौनिक विभेद र हिंसा तथा यौनिक चेतना र सशक्तीकरणलाई उदाहरणसहित विश्लेषण गरिएको छ ।

## यौनिकताको सैद्धान्तिक स्वरूप

यौनिकतालाई कोशीय अर्थमा महिला वा पुरुषका व्यक्तिगत यौनिक चाहना, सोचाइ तथा क्रियाकलापका रूपमा बुझिन्छ । यस शब्दलाई विस्तृत अर्थमा स्वीकार गरिएकाले यसको वास्तविक अर्थ यत्ति नै हो भन्न सक्ने स्थिति छैन । सामान्यतया यौनिकता भन्नाले भिन्न लिङ्ग वा समान लिङ्ग तथा तिनीहरूको यौनिक क्रियाकलाप, यौनिक शक्ति, यौनिक पहिचान, झुकाव, शारीरिक संरचना, हाउभाउ, यौन चाहना तथा व्यवहारहरूको समष्टि रूप भन्ने बुझिन्छ । यसका अतिरिक्त पुरुष वा महिलाका यौन व्यवहार हरूको सामाजिक तथा सांस्कृतिक मान्यता, स्वतन्त्रता, निषेध तथा अवसरका सन्दर्भहरूसमेत यौनिकताको क्षेत्रअन्तर्गत पर्दछन् ।

यौनिकता विभिन्न उमेरमा विभिन्न ढाँचामा प्रदर्शन हुन्छ। मानिसमा शिशु अवस्थादेखि नै यौनिक व्यवहारहरू प्रदर्शित भइरहन्छन् । खास पेसा तथा क्षेत्रमा आफ्नै प्रवृत्तिको यौनिकता प्रकट हुन्छ, जस्तैः चिकित्सक र बिरामीको यौनिकता, शिक्षक र शिक्षार्थीको यौनिकता, मनोचिकित्सक र मनोरोगीको यौनिकता आदि । यौनिकताको प्रदर्शन घर विद्यालय, जेल आदि सबै ठाउँमा भइरहन्छ। यौनिकताका यी सबै रूपहरू शक्तिको वास्तविक प्रक्रियाका सम्बन्धसँग जोडिएका छन् (फुको, सन् १९७८ः ४७)। यौनिकता व्यक्तिहरूको आपसी चाहना र क्रियाकलाप मात्र नभएर सामाजिक मानक उल्लङ्घन गर्ने वा बदला लिने साधन तथा शक्ति पनि हो भन्ने विचारका आधारमा हेर्दा यसलाई सामाजिक सामर्थ्य तथा भूमिकाको सशक्त आधार मान्न सकिन्छ। जैविक रूपमा यौनका सम्बन्ध तथा स्वरूपहरू, शारीरिक र संवेगात्मक पक्षहरूलाई यौनिकतासँग सम्बन्धित गर्न सकिन्छ । यौन चाहना र रुचि, पुनरुत्पादन प्रक्रिया, शारीरिक यौनाङ्गको विकास आदि

पक्षहरू पनि यौनिकताअन्तर्गत पर्दछन् । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक तथा दार्शनिक पक्षहरूका साथै व्यक्तित्व निर्माण, सामाजिक भूमिका तथा दायित्व निर्माणजस्ता पक्षमा पनि यौनिकताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा, सञ्चार, राजनीति, स्वास्थ्यजस्ता क्षेत्रमा पनि यौनिकताले प्रमुख भूमिका निर्वाह गरेको हुन्छ ।

मनोवैज्ञानिक पक्षबाट हेर्दा मानिसको व्यक्तित्व विकासमा यौनिकताले केन्द्रीय भूमिका निर्वाह गरेको हुन्छ । समाजले पुरुष यौनिकता र महिला यौनिकतालाई अलग ढङ्गले व्याख्या गर्ने गरेको पाइन्छ । विपरीत लिङ्गीय यौनिक व्यवहारलाई समाजले मान्यता दिए पनि समलिङ्गीय यौनिक व्यवहारहरू अझै पनि उपेक्षित मानिन्छन् । जसले गर्दा समलिङ्गीय यौनिक व्यवहार भएका व्यक्तिहरू समाजमा तिरस्कृत हुँदै आएको पाइन्छ । अर्कातर्फ जीवनयापन, पेसा, व्यवसाय लगायतका जीविकोपार्जनमूलक पक्षमा संलग्न हुन र निरन्तरता दिन यौनिकताका पक्षले प्रत्यक्ष प्रभाव पार्ने भएकाले जीवनका लागि यौनिकता निर्धारक तत्व बन्न पुग्दछ । यौनिक व्यवहारहरू पितृसत्ताबाट निर्देशित र नियन्त्रित भएका कारणले महिला यौनिकता, समलिङ्गी तथा अन्य लिङ्गी यौनिक व्यवहारहरू हेयको दृष्टिमा पर्दछन् । त्यसैले यौनिकतामा रहेको लैङ्गिक विभेद मानव समाज विकास तथा मानव जीवनको ज्वलन्त समस्या बन्न पुगेको देखिन्छ । यौनिकताका विविध प्रकारलाई निम्नानुसार देखाउन सकिन्छः

## विपरीत लिङ्गी यौनिकता

भिन्नभिन्न प्रकृतिका लिङ्गीय संरचना भएका व्यक्तिहरू (महिला र पुरुष) बिच हुने यौनेच्छा, व्यवहार र चाहनालाई विपरीत लिङ्गी यौनिकता भनिन्छ । यस्तो यौनिक सम्बन्धलाई विश्वव्यापी सर्वमान्यता दिइएको छ । जुनसुकै समाज, संस्कृति भएका मानव समुदायले यस्तो यौनिकतालाई वैध मान्दछन् । यस्तो यौनिकता पितृसत्ताको पक्षमा रहेकाले अन्य लिङ्गी यौनिकता भएका व्यक्ति तथा महिलालाई पनि विभेद गर्ने गरेको देखिन्छ । यस्तो यौनिकतामा महिला र पुरुषको सम्बन्ध भए पनि त्यो सम्बन्ध महिलामैत्री नभएको साथै महिलालाई पुरुषले आफ्नो इच्छाअनुसारका यौनिक र सामाजिक व्यवहारमा सीमित गरिदिएको देखिन्छ ।

विपरीत लिङ्गी यौनिक व्यवहार भएका व्यक्तिहरू समाजबाट स्वीकृत हुन्छन् तर खास गरी नारीवादी विचार भएका व्यक्तिहरूले विपरीत लिङ्गीय प्रवृत्ति पितृसत्ताको उपज हो भन्ने ठान्दछन् । त्यसैले आमूल नारीवादी विचार र विपरीत लिङ्गीय यौनिक व्यवहार विपरीत ध्रुवीय मान्न सकिन्छ (मिल्स एन्ड मुलानी, सन् २०११: १३५)। विपरीत लिङ्गी यौनिकतालाई भिन्न यौनिकता पनि भन्न सकिन्छ । भिन्न यौनिकताले गर्दा नै पेन्सन तथा अन्य सामाजिक र कार्यालयीय सुविधा एवम् अधिकारहरू प्राप्त हुने कुरा बताइएको छ । अझ क्यामेरोन र कुलिकको विचारमा यदि विपरीत यौनिक व्यवहार छैन भने न त त्यो वास्तविक पुरुष हुन सक्छ न त साँचो महिला नै । यौनिकता र लैङ्गिकतामा विशिष्ट सम्बन्ध रहेको हुन्छ । भिन्न यौनिक व्यवहार भएकाहरूको सामान्य र स्वाभाविक समुदाय नै हुँदैन (मिल्स एन्ड मुलानी, सन् २०११: १३५)। अधिकांश समाजमा वैधता प्राप्त गरेको हुनाले भिन्न लिङ्गी यौनिकतालाई मानक प्रवृत्ति भनिएको छ ।

समलैङ्गिक स्वभाव भएका व्यक्तिहरूले विपरीत लिङ्गीय सामाजिक परम्परित विवाहलाई यातनाका रूपमा लिएका हुन्छन् भने त्यसका विरुद्धमा आवाज उठाउन हिम्मत पनि गर्दैनन् । जुडिथ बटलरका विचारमा जन्मँदै बालक (स्त्री र पुरुष) समलिङ्गी वा भिन्न लिङ्गी हुँदैन, त्यो त समाज र संस्कृतिको नियम, आचरणका

आधारमा निर्धारण हुन्छ (उप्रेती, २०६९: २४७)। लकाँले पनि सामाजिक परिवेशअनुसार भाषाको साङ्केतिक संसारमा प्रवेश गर्नासाथ बालकमा त्यहाँको अवस्थाले प्रभावित तुल्याउँछ र त्यहीअनुरूप बानीको विकास हुँदै जान्छ भन्ने धारणा प्रस्तुत गरेकी छन् (उप्रेती, २०६९: २४७)। जैविकभन्दा पनि यौनिकताका सवालहरू सामाजिक सांस्कृतिक तथा ऐतिहासिक प्रकृतिका हुने कुरा उल्लिखित विचारबाट प्राप्त हुन्छ । भिन्न यौनिक व्यवहारमा गोराहरूको औपनिवेशिकता र पितृसत्ताको प्रभाव मात्र होइन कि पुरुषत्वको अधिनायकत्व पनि पाइन्छ (पिल्चर एन्ड ह्वेलहेन, सन् २००४: ७०)। अहिले भिन्न यौनिकता व्यापक र विस्तृत अर्थमा व्यवहृत भइरहेको छ ।

जीवनयापनका निश्चित मानक, सामाजिक जीवन प्रणालीहरू, नैतिकता तथा भौतिकवादी ढङ्गले भिन्न यौनिकतालाई विकसित र विस्तारित गरेको पाइन्छ । भिन्न यौनिकताका विरोधमा लेज्बियन, गे, द्विलिङ्गी यौनिकता, परिवर्तित यौनिकतालगायतका यौनिक विचारहरूले अधिकार, समानता तथा समताका आवाजहरू सशक्त ढङ्गले उठाइरहेका छन् । यो मानव जीवन विकासको सघन र स्वतन्त्र पक्ष मान्न सकिन्छ । किनभने कोही पनि जबरजस्ती यौनिक हिसाबले प्रताडित बन्नु हुँदैन । तर बहुसङ्ख्यक व्यक्तिहरू परम्परित मूल्य, मान्यता तथा व्यवहारमा आधारित रहेर स्वतस्फूर्त र सहज ढङ्गले भिन्न यौनिक स्वभाव (विपरीत लिङ्गी यौनिकता) निर्वाह गर्न चाहन्छन् भने उनीहरूको पनि उत्तिकै स्थान आवश्यक हुनुपर्दछ । विपरीत लिङ्गी यौनिक व्यवहार महिला र पुरुषबिचको यौनिक सम्बन्ध हो जसलाई परम्परित मूल्यअनुसार प्राकृतिक सम्बन्ध मानिन्छ । व्यक्तिको चेतना र सामाजिक संरचनाले पृथक् लिङ्गी व्यवहार, सम्बन्ध, झुकाव तथा प्रवृत्ति निर्धारण गर्दछ । यस्तो सम्बन्धलाई सामाजिक, सांस्कृतिक तथा कानुनी मान्यता प्राप्त हुन्छ । पृथक् लिङ्गीय संरचनाले गर्दा महिला हिंसा बढिरहेको तर्क नारीवादीहरूको रहेको छ जुन सत्य पनि छ किनकि पितृसत्ताले पुरुष प्रधान तथा महिला गौण स्थानमा रहेको मान्दछ । यौनिक व्यवहार र यौनिक सम्बन्धमा पनि महिलामाथि शोषण र उत्पीडन हुने गरेको पाइन्छ । नेपाली उपन्यासको विश्लेषणका सन्दर्भमा उपन्यासमा रहेका पात्रहरूको पृथक् लिङ्गीय यौनिक व्यवहारलाई तथ्यपरक ढङ्गले प्रस्तुत गर्न विपरीत लिङ्गी यौनिकतालाई महत्वपूर्ण आधारका रूपमा उपयोग गर्न सकिन्छ ।

## समलिङ्गी यौनिकता

समान प्रकृतिको लिङ्ग भएका व्यक्तिहरूबिचको यौनिक सम्बन्धलाई समलिङ्गी यौनिकता भनिन्छ ।

एउटै लिङ्गका मानिसहरूबिच हुने यौन सम्बन्ध, व्यवहार, झुकाव, धारणा वा आकर्षणलाई समलिङ्गी व्यवहार भनिन्छ (अर्याल, २०६८: १४१)। समान लिङ्ग भएकासँग हुने यौन सम्बन्ध तथा शारीरिक सम्बन्ध मात्र नभएर सामाजिक, आर्थिक, व्यावहारिक राजनैतिक आदि जीवनयापनका सम्पूर्ण सम्बन्धहरूको समष्टि धारणालाई समलिङ्गी यौनिकता भन्ने बुझिन्छ । तात्त्विकतावादीहरूले स्त्री वा पुरुष समलिङ्गी चाहना जन्मजात लिएर आएका हुन्छन् भन्ने धारणा राखेको पाइन्छ । त्यस्तै निर्माणवादीहरूले समलिङ्गी होस् वा पृथक् लिङ्गी त्यो सामाजिक, भाषिक तथा सांस्कृतिक मूल्यहरूको आधारमा निर्धारण हुन्छ भन्ने मत प्रस्तुत गरेका छन् (उप्रेती, २०६९: २४६-२४७)। प्राकृतिक रूपमा होस् वा सामाजिक रूपमा नै निर्मित किन नहोस् समलिङ्गी यौनिकताका आफ्नै विशेषता, प्रवृत्ति तथा व्यवहारहरू हुने गर्दछन् । समलिङ्गी यौनिकता दुई भागमा विभाजित हुने हुँदा सोहीअनुसार यहाँ व्याख्या गरिएको छ ।

### (क) महिला समलिङ्गी यौनिकता

महिला समलिङ्गी यौनिकता भन्नाले समसामाजिक दायरामा महिला महिलासँग सम्बन्धित भएर रहनु हो (पिल्चर एन्ड ह्वेलहेन, सन् २००४: ७९)। यस्तो यौनिकतालाई लेज्बियन यौनिकता भनिन्छ । आमूल नारीवादी विचारको विकास भएपछि महिला समलिङ्गी यौनिकताले गति प्राप्त गरेको देखिन्छ । पितृसत्ताबाट शोषित बनेका महिलाहरूले आक्रोश र विरोध गर्दै पुरुषविहीन जीवनयापनको परिकल्पना गरेबाट लेज्बियन यौनिकता सबल बन्दै आएको पाइन्छ । लेज्बियन यौनिकताले महिलाले महिलासँग राख्ने यौन सम्बन्ध र सन्तुष्टिलाई मात्र बुझाउँदैन । यसका साथै सामाजिक, भाषिक, राजनैतिक, सांस्कृतिक पक्षमा पनि महिला महिलाबिचको सम्बन्धलाई जनाउँछ ।

### (ख) पुरुष समलिङ्गी यौनिकता

पुरुष समलिङ्गी यौनिकतालाई गे यौनिकता भनिन्छ । एउटा पुरुष अर्को पुरुषसँग आकर्षित हुने, सम्बन्ध राख्ने तथा सन्तुष्ट हुने अवस्था नै गे यौनिकता हो । यसका साथै सामाजिक सम्बन्ध पनि पुरुषको पुरुषसँगै निहित हुने अवस्था हो । परम्परागत विपरीत लिङ्गी यौनिक व्यवहारका विरुद्धमा समलिङ्गी पुरुषले आफ्नो समसामाजिक मूल्यको खोजी गरेपछि सन् १९७० पछि पुरुष समलिङ्गी यौनिक चेतना आन्दोलनका रूपमा विकसित हुँदै आएको पाइन्छ । दुवै धार समलिङ्गी यौनिकताभित्र पनि विभिन्न अन्तरविरोधहरू रहेका छन्, जस्तैः यौनिक सम्बन्धमा मात्र सीमित हुने या समग्र सामाजिक जीवनयापनमा केन्द्रित हुने ।

## द्विलिङ्गी यौनिकता

समलिङ्गी यौन व्यवहार र पृथक् लिङ्गी यौन व्यवहार दुवै थरिका सम्बन्ध कायम गर्ने अवस्थाको यौनिकतालाई द्विलिङ्गी यौनिकता भनिन्छ । द्विलिङ्गी यौनिकतामा यौनिक अनुभव, संवेग, आकर्षण तथा स्नेह समलिङ्गी तथा विसमलिङ्गी दुवै प्रकृतिका व्यक्तिसँग हुने गर्दछ । महिला वा पुरुषको व्यक्ति सचेतना र सामाजिक पहिचान द्वैध यौनसम्बन्धी व्यवहार, धारणा, अनुभव, आकर्षण आदि समलिङ्गी र विपरीत लिङ्गी दुवैअनुरूपको विकास हुन्छ (अर्याल, २०६८: १४४)। व्यावहारिक रूपमा वा जीवनशैलीमा द्विलिङ्गी यौनिकता पृथक् लिङ्गी यौनिकता तथा समलिङ्गी यौनिकताभन्दा अझ अस्पष्ट, गुप्त र नियन्त्रित रहेको पाइन्छ । यद्यपि द्विलिङ्गी यौनिक स्वभाव भएका व्यक्तिहरू समाजमा यथेष्ट मात्रामा रहेका छन् । द्विलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आफ्नो अधिकार स्थापना र अस्तित्वको खोजीमा प्रस्ट गतिशीलता प्राप्त गर्न सकेको अवस्था छैन, बरु यस्तो अवस्थाका व्यक्तिहरूले गे वा लेज्बियन स्वभावका व्यक्तिहरूसँग मिलेर आफ्नो अस्तित्वको खोजी गरिरहेका छन् । द्विलिङ्गी यौनिकता भएका मानिसहरूले अन्य यौनिक स्वभावका मानिसहरूजस्तै समूह, सङ्गठन वा संस्था खोलेर सार्वजनिक स्वतन्त्र समूह निर्माण गरेका छैनन् तर यस्तो यौनिकतालाई पनि तेस्रो लिङ्गीअन्तर्गत समावेश गरिएको पाइन्छ । यस अर्थमा द्विलिङ्गी यौनिकता भएका व्यक्तिहरू अझ बढी कुण्ठित, तिरस्कृत र सीमित बनेको अनुमान गर्न सकिन्छ ।

पुरुष समलिङ्गी यौनिकतालाई जुन दृष्टिले हेर्ने र विश्लेषण गर्ने गरिन्छ त्यही दृष्टिबाट नै द्विलिङ्गी यौनिकतालाई हेर्ने र विश्लेषण गर्ने काम गरिन्छ (मिल्स एन्ड मुलानी, सन् २०११: १३५)। द्विलिङ्गी यौनिकता र यौन सम्बन्धका बारेमा अर्याल (२०६८) भन्दछन् "द्वैध यौन सम्बन्ध कायम गर्ने महिलाले पहिले विपरीत लिङ्गी र पछि समलिङ्गीसँगको यौन अनुभव बटुलेकी हुन्छे भने द्वैध यौन सम्बन्ध कायम गर्ने पुरुषले पहिला

समलिङ्गीसँग यौन सम्बन्ध कायम गर्दछ त्यसपछि मात्र विपरीत लिङ्गीसँग ।" द्विलिङ्गी यौनिकता अन्य यौनिकताका तुलनामा अझ बढी शारीरिक, मनोवैज्ञानिक र सामाजिक हिसाबले जटिल मानिन्छ । आकर्षण, माया तथा भावनात्मक सम्बन्धको प्रगाढतामा यौन सम्पर्कमा मात्र यस्तो यौनिकता सीमित बन्दछ । यस्तो व्यवहार भएका व्यक्तिहरू सामाजिक राजनैतिक वा आर्थिक हिसाबले अन्य मौलिकता भएका मानिसहरूको दाँजोमा अस्पष्ट, गुम्फित तथा पृथक् खालका हुन्छन् । तसर्थ यौनिकताका हिसाबले यस्तो यौनिकतालाई बढी सङ्क्रमणजन्य प्रवृत्ति मानिन्छ ।

## परिवर्तित लिङ्गी यौनिकता

जैविक रूपमा पुरुष भए पनि मनोवैज्ञानिक तथा व्यावहारिक रूपमा स्त्रीका स्वभाव र प्रकृतिको अवस्था वा जैविक रूपमा स्त्री भए पनि व्यावहारिक तथा मनोवैज्ञानिक रूपमा पुरुषका स्वभाव र प्रवृत्ति प्रस्तुत गर्ने यौनिक अवस्थालाई परिवर्तित लिङ्गी यौनिकता भनिन्छ । यस्तो प्रवृत्ति र स्वभाव भएका व्यक्तिहरू सकेसम्म शारीरिक संरचनाको परिवर्तन गरी मानसिक र शारीरिक गुणहरू स्वाभाविक र सहज बनाउने प्रयत्नमा लागेका हुन्छन् । बाहिरी संरचना वा जैविक पक्ष एउटा लिङ्गको हुने तर आन्तरिक पक्ष, लवाइ बोली, व्यवहार यौन अपेक्षा, शैली आदि अर्को लिङ्गको व्यवहारसँग मिल्ने गरी यौनिक व्यवहारहरू रहेको अवस्था सामाजिक, सांस्कृतिक हिसाबले अत्यन्त जटिल मानिन्छ । स्त्री संरचना भएका महिलाहरूमा पुरुष स्वभाव हुने हुनाले तिनीहरू स्त्रीसँग यौन सम्बन्ध राख्न चाहन्छन् भने पुरुष संरचना भएका पुरुषहरूमा स्त्री स्वभाव हुने भएकाले तिनीहरू पुरुषसँग यौन सम्बन्ध राख्न चाहन्छन् । यस आधारमा यस्तो यौनिक व्यवहार प्रकारान्तरले समलिङ्गी यौनिकताको रूपमा प्रकटित हुन्छ ।

परिवर्तित लिङ्गी यौनिकताका बारेमा उप्रेती (२०६८) भन्छन्, "केही समलिङ्गी पुरुषहरू सर्जरीको माध्यमले शारिरिक परिवर्तन गरेर नारी बनेका छन् भने केही समलिङ्गी नारीहरू पुरुष बनेका छन् । यस्ता नारी पुरुषलाई trans sexual भन्ने गरिन्छ ।" सर्जरी गरेर आफ्नो स्वभाव र मानसिकतासँग मिल्ने शारीरिक संरचना निर्माण गरेको भए तापनि त्यस्ता व्यक्तिहरूका भिन्न पहिचान हुनु नपर्ने मान्यता पनि विकसित भइरहेको पाइन्छ ।

परिवर्तित लिङ्गी यौनिकताका सन्दर्भमा मिल्स तथा मुलानी (२०११) ले अनुसन्धान प्रतिवेदनका आधारमा भन्छन्, 'ब्राजिलमा गरिएको अध्ययनअनुसार यस्ता परिवर्तित लिङ्गी यौनिकता भएका व्यक्तिहरूलाई travesties (ट्राभेस्टिस्) भनिन्छ । ती ट्राभेस्टिस्हरू, जो पुरुष हुन् उनीहरू जैविक संरचनाको परिवर्तनमा लागेका छन् र स्त्रीकेन्द्रित नामहरूबाट परिचित हुन चाहन्छन् ।' परिवर्तित लिङ्गी यौनिकता भन्नाले महिलाले पुरुषको आकृति, प्रकृति, व्यवहारसँग मिल्ने र पुरुषले महिलाको आकृति, स्वरूप, प्रकृति, व्यवहारसँग मिल्ने गेटअप वा स्वरूपमा यौन सम्बन्ध राख्नु हो । केटा केटीका रूपमा देखिन्छ । केटी केटाका रूपमा देखिन्छे । यसरी शारीरिक संरचना जैविक हुन्छ भने व्यवहार, स्वरूप सामाजिक एवं लैङ्गिक हुन्छ । केटी देखिनेको अङ्ग penis हुन्छ भने केटा देखिनेको अङ्ग vagina हुन्छ (अर्याल, २०६८: १४४)। उपर्युक्त विभिन्न धारणा तथा व्याख्याहरूका आधारमा परिवर्तित लिङ्गी यौनिकताअन्तर्गत शारीरिक संरचना अनुसारको मानसिक संरचना नहुने, मानसिक स्वभावअनुसार शारीरिक संरचना बदल्न प्रयत्नशील रहने भिन्न यौनिक संरचना भएका व्यक्तिहरूको व्यवहार, शैली, लवाइ, भाषा अपनाउने गर्दछन् । जैविक रूपमा पुरुष भएकाले

नारीत्वको खोजी गर्ने र स्त्री भएकाले पुरुषत्वको खोजी गर्ने तथा प्रकारान्तरमा समलिङ्गी यौन व्यवहार प्रकट गर्ने प्रवृत्तिहरू रहेका हुन्छन् भन्न सकिन्छ ।

## अन्तरलिङ्गी यौनिकता

अन्तरलिङ्गी यौनिकता भन्नाले एक व्यक्तिसँग स्त्री र पुरुष दुवैका यौन अङ्गहरू हुने स्थिति हो (अर्याल, २०६८: १४५)। मानवको जैविक विकासमै विशिष्ट वा असामान्य संरचनात्मक स्वरूपमा यस्तो अवस्था देखा पर्दछ । त्यसैले मानव विकास अझ भनौं मानवको यौन विकासमा देखापर्ने अव्यवस्थाका रूपमा यस्तो संरचनालाई अर्थ्याइन्छ । यस्तो संरचना भएका व्यक्ति अपवादका रूपमा रहेका हुन्छन् । प्राथमिक यौनाङ्ग (vagina/penis) दुवै एकै व्यक्तिमा हुने भए तापनि अन्य गुण तथा प्रवृत्तिहरू कोहीमा पुरुषका जस्ता र कोहीमा स्त्रीका जस्ता देखा पर्दछन् । यस्ता व्यक्तिहरूको जैविक र सामाजिक लिङ्ग पहिचान गर्न तथा वर्गीकरण गर्न कठिनाइ उत्पन्न हुन्छ । त्यसैले यस्तो यौनिकतालाई जटिल यौनिकता पनि भनिन्छ । अन्तरलिङ्गी यौनिकता भएका व्यक्तिहरू पनि कोही समानान्तर अन्तरलिङ्गी गुण भएका हुन्छन् त कोही सक्रिय र निष्क्रिय अन्तरलिङ्गी गुण भएका हुन्छन् । दुवै खालका यौनाङ्ग (penis/vagina) को उत्तिकै भूमिका रहने अवस्थाको अन्तरलिङ्गीलाई समानान्तर अन्तरलिङ्गी भनिन्छ । यस्ता व्यक्तिले स्त्री र पुरुष दुवैसँग यौन सम्बन्ध राख्ने क्षमता राख्दछन् भने सक्रिय र निष्क्रिय अन्तरलिङ्गी गुण भएका व्यक्तिहरूका शारीरिक संरचना अन्तरलिङ्गी किसिमको भए पनि स्त्रीगुण सक्रिय र पुरुष गुण निष्क्रिय वा पुरुष गुण सक्रिय र स्त्री गुण निस्क्रिय हुन सक्दछन् । यस्ता व्यक्तिहरूले स्त्री र पुरुष दुवैसँग यौन सम्बन्ध नराखी कुनै एकसँग (स्त्री गुण सक्रिय हुनेले पुरुषसँग र पुरुष गुण सक्रिय हुनेले स्त्रीसँग) यौन सम्बन्ध राख्दछन् । साथै यस्ता व्यक्तिहरूले समलिङ्गी यौनिक व्यवहार, पृथक् लिङ्गी यौनिक व्यवहार तथा द्विलिङ्गी यौनिक व्यवहार पनि अपनाउन सक्छन् । अन्तरलिङ्गी यौनिक व्यवहार भएका व्यक्तिहरूको सामाजिक लिङ्ग, पहिचान तथा अस्तित्व बढी सङ्क्रमणयुक्त, जटिल तथा विरोधाभासपूर्ण रहेको पाइन्छ । यसले सामाजिक र पारिवारिक जटिलताहरू पनि सिर्जना गर्दछ । यस्ता व्यक्तिहरूलाई हिँजडा वा तेस्रो लिङ्गी पनि भनिएको पाइन्छ तर तेस्रो लिङ्गी शब्द अहिले सामान्यीकृत बन्दै गइरहेको छ ।

## यौनिकताको भाषा

पुरुष समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आफ्नै समूहको खास भाषा (कोड ल्याङ्ग्वेज) प्रयोग गर्ने गरेको भए तापनि महिला समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले त्यस्ता विशेष शब्दावली प्रयोग नगर्ने बरु नारीवादी शब्द र सामान्य भाषाको प्रयोग गर्ने गरेको पाइन्छ (होल्म्स् एन्ड मेयर्होफ, सन् २००५: १२१)। विभिन्न यौनिक गुण भएका व्यक्तिहरूले विशेष किसिमका भाषिक सङ्केत र व्यवहारहरू प्रकट गर्ने गर्दछन् । पृथक् लिङ्गीहरूले पनि भिन्न र विशिष्ट भाषिक व्यवहारहरू प्रस्तुत गर्दछन् तर यस्ता यौनिक सङ्केतहरू यौन चाहनाको पूर्ति वा सन्तुष्टिमा केन्द्रित रहेका हुन्छन् । पृथक् लिङ्गी व्यक्तिहरूले निर्धारण गरेका मानक भाषिक प्रयोगभन्दा भिन्न र विशिष्ट किसिमका भाषिक व्यवहार समलिङ्गी पुरुष तथा महिलाहरूले गर्ने गरेको पाइन्छ (मिल्स एन्ड मुलानी, सन् २०११: १२५)। बेलायतमा प्रयोगमा भएको विशेष भाषा (Polari) लाई विश्वका अन्य गे तथा लेज्बियनले समेत स्वीकार गरेको पाइएको छ । Polari अर्थात् समलिङ्गी यौनिकता भएका व्यक्तिले प्रयोग गरेको भाषाको उदाहरण यस्तो छः We would zhoosh our riahs, powder our eeks, climb in to our bona new drag, don aourir batts बलम troll off

to some bona bijou bar (मिल्स एन्ड मुलानी, सन् २०११ः १२५)। उपर्युक्त उदाहरणमा प्रयोग गरिएका विशेष शब्दको अर्थ यस प्रकार प्रस्तुत गर्न सकिन्छः

| शब्द | अर्थ | शब्द | अर्थ | शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|---|---|---|---|
| Zhoosh | fix | eeks | face | drag | clothes | troll off | cruise |
| riahs | hair | bona | nice | batts | shoes | bijou | small |

त्यस्तै हङकङमा पनि पुरुष समलिङ्गीको भाषालाई Mem-ba भनिन्छ । पृथक् लिङ्गी यौनिकता भएका व्यक्ति तथा सार्वजनिक मान्यताभन्दा भिन्न रहेर विशेष बोध अभिव्यक्तिका लागि गे मेनहरूले Mem-ba को प्रयोग गर्ने गरेको पाइन्छ । Mem-ba का केही उदाहरण यस प्रकार छन्ः diu - थग (to go cruising), थग - tong (cruising, places), chau – fui (to be attracted to white men), wui-so (gay bars) (मिल्स एन्ड मुलानी, २०११ः १२५)। त्यसैले कुनै पनि ठाउँमा रहेका समलिङ्गी यौनिकता भएका व्यक्तिहरूले आ-आफ्नै विशेष शब्दावलीको प्रयोग गर्ने गरेको देखिन्छ । आफ्ना यौनिक चाहना र आवश्यकता पूर्ति गर्ने अभिप्रायले विशेष भाषिक व्यवहार प्रयोग गर्ने गर्दछन् भने पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरू हुन् वा समलिङ्गी यौनिकता भएका व्यक्तिहरू हुन् उनीहरूले भिन्न किसिमका यौनिक भाषाको प्रयोग गर्दछन् ।

## आवरण उपन्यासको विश्लेषण

जया ओझाद्वारा लेखिएको *आवरण* (२०७३) अन्तरलिङ्गी विषय सन्दर्भमा केन्द्रित उपन्यास हो । नेपाली समाजमा लैङ्गिक विभेद, असमानता तथा हिंसाका विविध पक्षहरू व्याप्त रहेका छन् । यस्ता पक्षमध्ये यौनिक हिंसाका घटनाहरूलाई आवरणले प्रस्तुत गरेको छ ।

उपन्यासको प्रारम्भ उपसंहारबाट भएको छ। उपन्यासको कथावस्तु प्रमुख पात्र ज्योतिको अर्धचेतनमा रहेको मानसिकता सपनामा देखेको घटनाबाट सुरु भएको छ । जन्मँदै जैविक असामान्यता लिएर आएकी पात्रले नवजात अवस्थादेखि नै पारिवारिक हिंसा र उपेक्षा खेप्न बाध्य हुन्छे । स्त्री र पुरुष दुवै जननेन्द्रिय भए तापनि उसलाई छोराका रूपमा समाजमा सार्वजनिक गरिन्छ र नाम पनि किरण राखिन्छ। आफूलाई किरण वा केटाका रूपमा परिचय दिइएको उसलाई मन पर्दैन बरु लुकीलुकी केटीका व्यवहार देखाउन मन लाग्छ र सोहीअनुसार गर्छे। पहिचानविनाको भोगाइ, पारिवारिक हिंसा तथा उपेक्षाले ज्योति मर्माहत बनिरहन्छे। उसको बाबु राजनीतिमा लागेको र पछि सत्तामा समेत पुगे पनि उसको व्यवहारमा पितृसत्ता कायमै रहन्छ। यौनिक हिंसाको सिकारसमेत बनेकी ज्योतिप्रति उसकी दिदी, भाइ र हजुरबुबा पनि मानवता नभएका पात्र बनेका छन्। पीडा तथा हिंसाको चरम यातना भोग्दै जाँदा यौनिक अल्पसङ्ख्यकहरूको अधिकारका निम्ति सक्रिय व्यक्ति तथा संस्थामा आबद्ध भई ज्योतिले सफलता प्राप्त गरेको कथावस्तु छ। नकारात्मक सोचाइ र व्यवहारमा रहेका अन्य पात्रहरूमा पनि स्वभाव एवम् प्रवृत्तिमा परिवर्तन आएको छ। अन्त्यमा उपन्यास सुखमा टुङ्गिएको छ ।

व्यक्तिमा अन्तरनिहित प्रतिभाको प्रस्फुटनका लागि उपयुक्त वातावरण बनाउन सक्नुपर्दछ, जसरी उपन्यासमा किरणको प्रतिभा उद्घाटनमा रेशमको अहम् भूमिका रहेको छ। हाम्रो समाजमा कानुनतः यौनिक विशिष्टता

भएका व्यक्तिहरूका लागि विशेष समता तथा समानताको व्यवस्था गरिए पनि व्यवहारतः स्वीकार गर्न नसकिएको उदाहरण पेश गर्दै त्यसतर्फ सचेत हुनसमेत आग्रह गरिएको छ ।

आवरण विशेष यौनिकतामध्ये अन्तरलिङ्गी यौनिकता भएका व्यक्तिहरूले भोग्नुपर्ने शारीरिक, सामाजिक, मनोवैज्ञानिक, यौनिक समस्या र हिंसा प्रस्तुत गर्दै मूलप्रवाहीकरणमा केन्द्रित छ । अन्तरलिङ्गी गुणसहित जन्मिएकी ज्योति (जसको नाम कानुनतः किरण बनाइएको छ) ले जन्मँदै हिंसा र उपेक्षाको सिकार बन्नु परेको छ । समाजमा यस्ता विशिष्टता भएका व्यक्तिहरू हुन्छन् तथापि परिवार वा समाजको इज्जत तथा प्रतिष्ठाका नाममा यिनीहरूलाई सदैव गोप्य बनाइन्छ, परिचय दिइँदैन, सार्वजनिक गरिँदैन बरु ठूलै अपराधीझैँ व्यवहार गरिन्छ, पाप ठानिन्छ, यस्तै व्यक्तिहरू यौनिक हिंसाका सिकार बन्दछन् । यिनीहरूको इच्छा, चाहना तथा हक, अधिकारको त कुनै सरोकार नै हुँदैन । अझ भनौँ यस्ता व्यक्तिहरूलाई मानिसका रूपमासमेत हेरिँदैन भन्ने कुरा यस उपन्यासमार्फत प्रस्तुत गरिएको छ । हाम्रो सोचाइ तथा व्यवहारमा परिवर्तन ल्याउनुपर्छ र यौनिक अल्पसङ्ख्यक वा विशेष यौनिकता भएका व्यक्तिहरूको सम्मान गर्दै परिचय दिनुपर्दछ र उनीहरूमा रहेका वास्तविक क्षमताको प्रस्फुटनमा भूमिका खेल्दै उनीहरूलाई सशक्त तुल्याउनुपर्छ भन्ने मूल ध्येयका साथ *उपन्यास* तयार गरिएको छ ।

## अन्तरलिङ्गी यौनिकताको प्रकृति

यौनिक विशिष्टताका अनेकौँ प्रकृति छन् । जन्मजात रूपमा यस्ता खास प्रकृतिहरू व्यक्तिसँगै आएका हुन्छन् । हो, कुनै खास प्रवृत्ति भने परिवेश निर्मित हुन पनि सक्छन् । व्यक्ति वा समाजलाई मन पर्नु नपर्नु फरक कुरा हो । यस्ता यौनिक विशिष्टताका उदाहरण पेस गर्दै तिनीहरूका वास्तकिता प्रस्तुत गर्न पनि उपन्यासकार सफल रहेको देखिन्छ । "आलोकमा प्रकृतिले दिने पुरुष अङ्ग थियो । तर उसमा पुरुषप्रति आकर्षित हुने हर्मोन थियो । उसलाई सुन्दर युवतीको सुन्दरताले लोभ्याउँदैन्थ्यो । ... त्यो केटी हो । प्रकृतिले दिने यौन अङ्गमा कुनै कन्जुस्याँइ गरेको छैन । सबल केटी हो । नछुने पनि हन्छे । ऊ मजस्तो केटासँग आकर्षित हुन्न । उसको बिहे पनि केटीसँग नै भएको छ । एउटा बच्चा एडप्ट गरेका छन् । उनीहरूको सुखी परिवार छ" (पृ.६९)। यहाँ गे तथा लेज्बियन यौनिकताका प्राकृतिक स्वरूपको उजागर गर्दै रेशमले ज्योतिसँग समलिङ्गी यौनिकताको वास्तविकता बताउने क्रममा भनेका यी अभिव्यक्तिबाट यो कुरा प्रस्ट हुन्छ ।

लिङ्ग र योनी दुवै भएको तर छातीमा ठूला स्तन नभएको, देख्दा केटा तर दुवै जननेन्द्रिय भएको पुरुष जनर्नेन्द्रिय निष्क्रिय भएको कारण विरोधाभासपूर्ण अत्यन्त कठिन, परिचयविहीन जीवन भोग्न बाध्य बनाइएको पात्र किरणको वास्तविकता उद्घाटनले यौनिक विशिष्टता भएकाहरूले सामाजिक, मनोवैज्ञानिक तथा मानसिक रूपमा भोग्नुपर्ने समस्या तथा जटिलताको सङ्केत गर्दै उपन्यासकारले त्यस कारण पनि विशेष व्यवस्थाको आह्वान गरेकी छन् । "तँलाई जहाँसुकै गए पनि सबैले तँलाई छोरा नै भन्छन् । अब तँलाई छोरा नै भएर बाँच्नु पर्छ जिन्दगीभर । यही नै तेरो परिचय हो" (पृ.१४२)। किरणकी आमाले किरणलाई भनेको कुरा र "सुसुले मर्नु भइरहेकाले ट्वाइलेट गएँ । त्यहाँ केटी साथीहरू लस्करै उभिएका रहेछन् । ... साकारले तानेर अर्कोतिर लग्यो ... ट्वाइलेटभित्र पस्नासाथ ऊ सु गर्न थाल्यो । ... म हतारमा बाहिर निस्कँ । ... सु नआएको बहाना बनाएर भागेँ । ...च्यापेको हुँदा लुगामा नै सु फुस्कियो । ... सबैले मलाई जिस्काउन थाले 'मुत्यो मुत्यो' । ... लुगामा सु गरेकाले सबै साथीहरूको अगाडि कुखुरा बनाएर राखे"

(पृ.१४५)। किरणले भोगेको व्यवहार तीतो यथार्थ हो । "कुन ट्वाइलेट जाने केटाको कि केटीको ? … इस् अबदेखि स्कुल नै आउँदिन" (पृ.१४६)। किरणले आफ्नी आमासँग भनेको कुराले पनि समस्यका कारण मूल प्रवाहीकरणमा जटिलता आएको प्रस्ट हुन्छ । "केटी हुँ, केटीहरूसँग बस्नुपर्छ, मभित्रको छोरी हृदय हरपल मसँग बाभ्न्दथ्यो । रुन्थ्यो एकान्तमा । … म पनि आफ्नो परिचयले हिँड्न पाएको भए (पृ.१४९)। … मेरो ब्यागमा ऐना, गाजल, पालिस, चुरा, टीका हुन्थ्यो" (पृ.१५०)। शारीरिक वनावट हेर्दा केटा तर दुवै जननेन्द्रिय भएका कारण विरोधाभासपूर्ण अत्यन्त कठिन, परिचयविहीन जीवन भोग्न बाध्य बनाइएको र व्यक्तिको मन, आत्मा तथा मौलिकता ढाकिएको पात्र जसको अन्तर्तह स्त्री मनोविज्ञान तथा गुणले भरिएको किरणको वास्तविकता उद्घाटन गरिएको छ ।

यौनिक चाहना भनेको प्राकृतिक आवश्यकताजस्तै हो, यौनिक विशिष्टता भएका व्यक्तिहरूमा पनि त्यो हुनु स्वाभाविक हो तर त्यसको व्यवस्थापना समाज उदासीन रहेको छ भन्ने कुरा यहाँ व्यक्त छ । "विपरीत लैङ्गिक आनन्दले यौन वासनामा आतुर बनाउँथ्यो" (पृ.१५३)। "… हामी सिरु र मदनजस्तै ब्वाइफ्रेन्ड गर्लफ्रेन्ड बनौँ । हुन्छ ? म तिमीलाई माया गर्छु" (पृ.१५५) किरणको यमनसँग भएको व्यवहार तथा गरेको प्रेम प्रस्तावले उक्त कुरा प्रस्ट पार्दछ। त्यस्तै किरणले "ममा पनि बिहे गर्ने इच्छा हुन्थ्यो । पुरुषको सामीप्यको चाहना हुन्थ्यो" (पृ.१६७)। भन्ने सन्दभले किरणको यौनिक चाहना प्रकट गरेको छ यहाँ । "कुनै पुरुषले आफ्नो अँगालोमा कसेर बाँधिदिँदा कस्तो हुन्छ। वास्तवमा सहवासको क्षण कस्तो हुन्छ ? कौतुहल जाग्दथ्यो (पृ.१६८)। आफैँ उत्तेजित बनेर आफैँ शान्त गराउने नसा मैले जानिसकेकी थिएँ" (पृ.१७०)। यौन सन्तुष्टिका लागि किरण स्वयम्ले गर्ने व्यवहारको उद्घाटनले यौन चाहनाको स्वाभाविकतालाई उठान गरेको छ ।

अन्तरलिङ्गीका विविध प्रकृति रहेका हुन्छन् । जस्तो कि पुरुष पक्ष सक्रिय स्त्री पक्ष निष्क्रिय, पुरुष पक्ष निष्क्रिय स्त्री पक्ष सक्रिय वा दुवै पक्ष सक्रिय हुनु वा अन्य खालको प्रकृति हुनु । यी विविध प्रकृतिमध्ये एक प्रकृतिको अन्तरलिङ्गीका वास्तविक चित्र वा जैविक अवस्थालाई उपन्यासकारले अत्यन्त नजिकबाट नियालेकी छन् । "नारी हुँ तर अरू नारीका भैँ पुरुषलाई आकर्षण गर्ने र सन्तानलाई स्तनपान गराउने स्तन छैन । नारीको स्वरूपमा यौन आकृति मात्र छ । पुरुष हुँ भनूँ भने पुरुष लिङ्गको कुनै सानो निशान मात्रै । आधा नर, आधा नारी । पुरुष र स्त्री, प्राकृतिक रूपमा दुवै मिश्रित अङ्ग छ तर अपूर्ण" (पृ.१७४)। यसमा किरणको वास्तविकता प्रकट छ जसले अन्तरलिङ्गीका वास्तविक चित्रको प्रतिविम्बन गर्दछ। "तर, दुर्भाग्य भित्रबाट पनि मेरो हेल्थको पोजेटिभ रिपोर्ट आएन" (पृ.१७९)। बाहिर पुरुषको रूप भए पनि मानसिकता स्त्रीको रहेको, दुवै जननेन्द्रिय भए पनि स्त्रीको जननेन्द्रियबाट पिसाब बाहिरिने वा सक्रिय रहेको हुँदाहुँदै पनि जैविक हिसाबले आमा बन्नका लागि योग्य छु, छैन भनी परीक्षण गर्दा किरणको नकारात्मक रिपोर्ट आएको अवस्थाको चित्रण गरिएको यस उपन्यासमा अन्तरलिङ्गीको अत्यन्त जटिल अवस्था उद्घाटन गरिएको छ ।

## यौनिक विभेद र हिंसा

प्रस्तुत उपन्यासमा रहेका लैङ्गिक तथा यौनिक पक्षसँग सम्बन्धित तथ्याङ्कलाई निम्नानुसार देखाइएको छः "हेर् त अस्ति राती चार वटा केटाले रेप गर्‍याथे नि । त्यसैलाई त हो" (पृ.१६)। यो उदाहरण यौनिक हिंसाजन्य व्यवहारको सिकार बनेकी ज्योतिलाई सङ्केत गर्दै उपचारमा संलग्न नर्सहरूले भनेको अभिव्यक्ति हो । "यो ऐँजेरुको यति नै माया लागेको थियो भने कुनै आश्रममा लगेर राखिदेको भए हुन्थ्यो" (पृ.२९)।

यहाँ ज्योतिकी दिदी रश्मीले पारिवारिक तथा सामाजिक संरचनाको प्रतिनिधित्व गर्दै यौनिक विशिष्टता भएकी ज्योतिलाई उसकी आमाले गरेको व्यवहारप्रति व्यङ्ग्य गर्दै उपेक्षा व्यक्त गरेकी छ । "छरछिमेकमा हिंड्न गाह्रो छ, जहाँ पनि त्यही बलात्कारको कुरा" (पृ.३०)। निर्धो जो छ उसैलाई समाजले हिंसा गर्छ र फेरि आफ्नो इज्जत पनि उसैसँग जोड्छ भन्ने कुराको प्रमाण हो यो ज्योतिकी बुहारी कायाको अभिव्यक्ति । यसमा पनि यौनिक हिंसाकै उद्घाटन भएको छ ।

"तँ यो घरमा पलाएको ऐँजेरु होस् । तँ नमरी घरमा शान्ति हुदैन । ... जुनी पनि कुकुरकै लिएर आएछ । ... बिग्रिएको रगतको डल्लो । अटेर्नो । उठ् ऐँजेरु" (पृ.३३)। भाइ प्रभातले ज्योतिलाई लछारपछार पार्दै गरेको व्यवहारले हिंसाको पराकाष्ठालाई सङ्केत गरेको छ । "समाजमा तिमीहरूले यति धेरै विकृति मच्चाएका छौ । तिमीहरूलाई जो पनि चल्छ । जब चित्त बुझ्दैन यहाँ आउँछौ । हामी के गर्न सक्छौँ" (पृ.३८)? उपर्युक्त उदाहरण ज्योति बलात्कृत भएर प्रहरीसँग न्यायका लागि रिपोर्ट लेखाउन जाँदा इन्स्पेक्टर विनोद केसीद्वारा प्रस्तुत अभिव्यक्ति हो । यसले यौनिक विशिष्टता भएका व्यक्तिहरूप्रति हाम्रो प्रशासनिक एवम् कार्यालयीय दृष्टिकोणको यथार्थ झल्को दिन्छ । "फौजदारी अपराधका रूपमा जबरजस्ती करणी हुनका लागि चारवटा तत्त्वमध्ये एउटा यो हो कि महिला र पुरुष नै हुनुपर्छ" (पृ.४०)। ज्योति आफू बलात्कृत भएर प्रहरीसँग न्यायका लागि रिपोर्ट लेखाउन जाँदा वकिलले कानुनको दायरासहित भनेको कुराले कानुन वा त्यसका व्याख्याताले गरेको यौनिक विभेद र अन्यायलाई सार्वजनिक गरेको छ । "यो मेरो इज्जत लिलाम गराउन चौकी पुगेको ... मेरो इज्जत जसरी हुन्छ माटोमा मिलाउन लागि परेको ... तँ मेरो घरमा बस्न पर्दैन ... निस्केर गइहाल् । एकछिन पनि तँलाई यो घरमा राख्न सक्दिन । लुटाउनका लागि न त यो सँग सम्पति छ । न त लुट्नका लागि हिम्मत" (पृ.४२ - ४३)। बलात्कृत भएर प्रहरीसँग न्यायका लागि रिपोर्ट लेखाउन गएको हुनाले बाबु विश्वकाजीले ज्योतिलाई कुटपिट गर्दै घरबाट निकाल्ने कार्यले पारिवारिक तथा सामाजिक मानसिकतालाई उजागर गरेको छ ।

हिंसा, उपेक्षा तथा अवमूल्यन सहनुको पनि हद हुन्छ । अति नै भएपछि ज्योति घर छाडेर बाहिरिने निर्णय गर्छे । यो परिचय र पहिचानको खोजी हो । स्वको लडाइँ हो । अस्तित्वको सवाल हो । त्यसपछि ज्योतिको व्यक्तित्व विकासको क्षण सुरु हुन्छ । सङ्घर्षको प्रारम्भ हुन्छ । "निधो गरेँ, घर फर्कने छैन । फटाफट हिँडेँ, आउँदिन मरिकाटे आउँदिनँ । जति दुःख परे पनि फर्किएर आउने छैन" (पृ.४३) बलात्कृत भएर प्रहरीसँग न्यायका लागि रिपोर्ट लेखाउन गएको हुनाले बाबु विश्वकाजीले ज्योतिलाई कुटपिट गर्दै घरबाट निकालेपछि समाजलाई चुनौती दिँदै उसले अठोट गरेकी छ । "ओई बयल्लिएको हिँजडा कराउँछस् ? भएभरको सँग सुतेर तँलाई पुगेन ? ... तिमीहरू तेस्रो लिङ्गी बन, चौथो लिङ्गी बन । सयौँ, हजार । जति लिङ्गी बन या बेलिङ्ग बन । छक्का पन्जा जेसुकै बन । विकृति नबढाऊ" (पृ.६५)। तेस्रो लिङ्गीहरूलाई प्रहरीले पक्रेर चौकीमा लगेपछि गरेको व्यवहार यस व्यवहारले तेस्रो लिङ्गी, यौनिक अल्पसङ्ख्यक तथा विशिष्ट यौनिकता भएकाहरूप्रति प्रशासनको रवैया छर्लङ्ग पार्दछ ।

समाजमा व्याप्त यौनिक विभेद, हिंसा तथा अपमानका उदाहरण उपन्यासमार्फत यसरी व्यक्त गरिएको छ : "लौ न नि ! यो के उल्का भो ? ... के ब्याइस् ! राँड यस्तो ? ... कुन औतार हो यो ? लौ ! नाति हो कि नातिनी ? छुट्टेकै छैन त । यो मान्छे हो कि भूत प्रेत, कुन जन्मको पाप होला ? .....दैव यस्तो के लीला

देखायौ ? ... यस्तो अलच्छिना पाउनुभन्दा बरु बाँझो हुनु नै राम्रो" (पृ.७८)। स्त्री अङ्ग तथा पुरुष अङ्ग दुवै भएको बच्चा (ज्योति) को जन्म भएपछि उसकी हजुरआमाले उसकी आमालाई भनेको यस अभिव्यक्तिमा सन्तानको लिङ्ग निर्धारण वैज्ञानिक दृष्टिले अन्य भए पनि हाम्रो समाजले त्यसको सम्पूर्ण दोष नारी वा आमालाई लगाउँछ भन्ने कुराको यथार्थ उद्घाटन गरिएको छ। यसबाट पनि प्रस्ट हुन्छ कि हाम्रो समाजमा यौनिक हिंसा त छँदैछ, लैङ्गिक हिंसा पनि उत्तिकै बर्बर बनिरहेको छ। "यसको पढाइ, औषधी उपचार जति खर्च लाग्छ गर्छु। आश्रममा पठाइदिऊँ। अहिले लिन आएका छन्" (पृ.८८)। ज्योतिको बाबुले उसलाई घरमा नराखी आश्रममा पठाउनका लागि उसकी आमासँग भनेको कुरा र "यो ऐँजेरुलाई लगेर खोरमा हुलिदे" (पृ.९४)। भन्नु पनि हिंसाजन्य अभिव्यक्ति नै हो। परिवारका सबै सदस्य आफन्तको भोजमा जाँदा ज्योति पनि जान खोजेपछि उसलाई घरमै राख्ने आदेश दिँदै उसका बाबुले उसकी आमालाई भनेको कुरा यौनिक विभेद तथा हिंसाका उदाहरण हुन्।

"यस जैरीलाई किन लैजानपऱ्यो ? पर्दैन लैजान" (पृ.१२१)। तीजको बेला सबै मन्दिर जाँदा ज्योतिकी हजुरआमाले उसलाई पनि मन्दिर लैजान खोज्दा उसका हजुरबाबुले भनेको कुराबाट प्रस्ट हुन्छ कि यौनिक विशिष्टसहित जन्मनु अमानव हुनु हो, जसले समाजमा सार्वजनिक हुने अधिकारसमेत राख्दैनन् भन्ने हाम्रो समाजको मनोदशा रहेको छ। यौनिक अल्पसङ्ख्यकप्रति समाजको नकारात्मक र उपेक्षापूर्ण बुझाइ तथा व्यवहार रहेको देखाइएको छ उपन्यासमा। "खोइ ! यस्ता मान्छेलाई त हिँजडा भन्छन् रे। यस्ता त जङ्गलाँ बस्छन् रे। उहीँ घर हन्छ रे। त्याँ बस्नेहेर्ले था'पाए भने आएर यसलाई नि लैजान्छन् अब" (पृ.१२६)। गाउँलेहरूले ज्योतिका बारेमा गरेको कुराकानीले समाजको दयनीय तथा घृणित अवस्थालाई देखाउँछ। "फुर्ती लाउँदी रैछे छुसी ! जा न, जा हिम्मत हेरुँ ? ... भुत्रो खा झुम्री तँलाई नि सुम्ल्याइदिन्छु" (पृ.१३०)। ज्योतिका हजुबा (पुरुष) ले आफ्नो आडम्बरसहित क्रमशः ज्योतिकी आमा तथा ज्योतिकी हजुरआमालाई लैङ्गिक हिंसायुक्त भाषाको प्रयोगसहित दुर्व्यवहार गरेको र 'पोथी बास्न हुन्न भन्ने थाहा हुनु पऱ्यो नि' (पृ.१३१)। ज्योतिका काका पितृसत्ताको आडम्बर र मनोदशासहित लैङ्गिक हिंसायुक्त भाषाको प्रयोगसहित गरेको व्यवहारका आधारमा हिंसाका अनेक रूप छन् समाजमा, पितृसत्ताले कुनै कुनै रूपमा आफूलाई निरन्तरता दिइरहेको हुन्छ भन्ने कुरा यहाँ स्पष्ट हुन्छ।

यौनिक हिंसाका अनेकौं पत्रहरू भोग्न बाध्य पारिएका हुन्छ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरू। उनीहरू तिरस्कृत मात्र होइन बहिष्कृतसमेत बन्न पुग्छन् समाजबाट। अझ मानवीय दर्जासमेत गुमाएर कुकुरसरह पनि ठहरिँदैनन् भन्ने कुरा यहाँ देखाइएको छ। "यसलाई आजदेखि खाना यसकै कोठामा लैदिनु भनेको हैन, फेरि किन यहाँ" (पृ.१५७)? दिदीले किरणलाई उपेक्षा गर्दै भन्नु, "यही ऐँजेरूलाई पठाउने नि। जा आफ्ना कोठामा। तेरो खाना उहीँ आउँछ। भाइले तिरस्कार गर्नु र किरणका बाउले "छोरा छोरी र हामी बुढा बुढी चार जनाको परिवार छौं। ... स्यान्डी पनि आउँछ" (पृ.१५७-१५९)। तथा किरणले आफ्नो बिहेको चाहना व्यक्त गर्दा उसको बाबुले "ऊ स्यान्डीसँग गर" (पृ.१६७) भन्नु यसकै उदाहरण हो। राजनीतिक नेताका रूपमा चिनिएको किरणको बाबु जो समानता र स्वतन्त्रताको नारा लगाएर समाज परिवर्तनको भूमिका खेल्छु भन्छ, त्यसले त किरण जस्ता यौनिक भिन्नता भएका सन्तानलाई परिवारका सदस्यसमेत ठान्दैन बरु कुकुर उसको सदस्य बन्दछ भन्ने कुराको अभिव्यक्ति यस उदाहरणमा पाइन्छ। "उनीहरूले मेरो टिसर्ट उतारे। लडाएर मलाई नाङ्गै पारे। पालैपालो मरो शरीरमा करोडौं गिद्धको चुच्चो रोपिन थाल्यो" (पृ.१८६)।

गाँजामा लट्ठिएका केटाहरूले किरणलाई गरेको सामूहिक बलात्कारको घटनाले यौनिक हिंसाको उद्घाटन गरेको छ ।

## यौनिक चेतना र सशक्तीकरण

पितृत्व, अभिभावकत्व त कता हो कता मानवताको छिद्रसमेत नभेटिने व्यवहार गर्न पछि पर्दैनन् पुरुषहरु भन्ने कुरालाई उपन्यासको यस घटनाले उद्घाटन गरेको छः "... कस्तो बाउ तिमी ? आफ्नो निदाएको सन्तानलाई मध्यरातमा छोडेर आउँदा तिम्रो आत्माले तिमीलाई अलिकति पनि धिक्कारेन" (पृ.९७)? सुतिरहेकी ज्योतिलाई उसकै बाबुले घरबाट टाढा मिल्काउने उद्देश्यले ट्रकमा छोडेर आएपछि उसकी आमाले उसको बाबुलाई भनेको घटना अत्यन्त विदारक छ ।

"आमा समूहमा नारीको हक र अधिकारका कुरा गर्दै मिटिङ छ भनेर हिँड्नुहुन्छ तपाईँहरू । के त्यो मिटिङमा यही सिकाइन्छ" (पृ.१२६)? गाउँका महिलाहरूका व्यवहारप्रति ज्योतिकी आमाले लैङ्गिक तथा यौनिक सम्मानका लागि सचेततापूर्वक व्यक्त गरेको आक्रोशसहित सम्मानको आग्रह गरिएको छ । यौनिक अल्पसङ्ख्यकप्रति हिंसा गर्ने होइन सम्मान गर्नुपर्छ, हिंसाको प्रतिकार गर्नुपर्छ भन्ने कुरा पनि देखाइएको छ । "मेरो सन्तानलाई कसैले पनि कुटपिट गर्न पाउँदैन । मैले सहेर बसेको छु भन्दैमा मनलाग्दी गर्न पाइँदैन" (पृ.१३०)। लैङ्गिक तथा यौनिक असामान्यता भएकै कारणलाई आधार बनाएर सानो गल्तीमा पनि ज्योतिको हजुरबाले ज्योतिलाई उपेक्षित तथा निर्दयी तरिकाले पिट्दा उसकी आमाले आफ्ना ससुरासामु गरेको प्रतिकारले उक्त कुराको सङ्केत गर्दछ ।

स्त्री र पुरुष दुवै जनाउने जननेन्द्रीय भए पनि अङ्गको सक्रियता, मानसिकता, भावना तथा मनोविज्ञानका आधारमा यौनिक विशिष्टता भएका व्यक्तिले आफ्नो भावनाअनुसारको पहिचान र परिचय चाहन्छन् भन्ने कुरा यहाँ ज्योतिका माध्यमबाट गरिएको अभिव्यक्तिमा देखिन्छ । "मलाई यो नाम राम्रो लागेन । यो त छोराको नाम हो । मलाई मेरै नाम राम्रो लाग्छ" (पृ.१४०)। ज्योतिका बाबुले उसको लामो कपालसमेत काटिदिएर नाम पनि छोराको राखिदिने निर्णय गरेपछि ज्योतिको प्रतिक्रियाले परिचय खोजेको सङ्केत दिन्छ । "मलाई पढ्नु छैन, किरण सिरण केही लेख्दिन" (पृ.१४१)। नाम परिवर्तन गरेर काठमाडौँको बोर्डिङ स्कुलमा पढ्न पठाउने अभिभावकको निर्णयविरुद्ध किरण (ज्योति) को प्रतिक्रिया तथा "म छोरी हुँ, छोरा हैन । यसरी ढाँटेर पढ्दिन यहाँ" (पृ.१४२)। जबरजस्ती छोराका रूपमा परिचित हुनपर्छ भन्ने कुराको विद्रोह किरणबाट हुनु सशक्तीकरणको नमुना हो ।

समाजलाई चुनौती दिँदै आत्मविश्वासका साथ सङ्घर्ष गरेर आफूलाई कमजोर नठानी आफ्नो क्षमता उद्घाटन गर्न सके मात्र अस्तित्व रक्षा र सम्मान लिन सकिन्छ । मूलप्रवाहीकरणमा प्रवेश गर्न आफै सक्रिय बन्नुपर्छ तर यसका लागि आधार र सहयोगको भने आवश्यकता हुन्छ भन्ने कुरा उपन्यासकारले किरणको सशक्तीकरणका माध्यमबाट प्रस्ट पारेकी छन् । "घरमा निर्धक्क किचनमा छिरेँ । बैठकमा छिरेँ । कहीँ कतै रोकटोक थिएन । मेरो परिचयसँगै नाम फेरिएको थियो । ... पत्रिकाको मध्य भागमा तेस्रो लिङ्गी तथा लैङ्गिक अल्प सङ्ख्यकहरूको अवस्था र पहिचानका बारेमा मेरो लेख । मैले गरेको सङ्घर्षमा मेरो फोटोसहितको" (पृ.१९०)। रेशमको सहयोग तथा सल्लाहमा किरणले आफ्नो यौनिक पहिचानसहित गरेको प्रगति, आत्मविश्वास एवम् सार्वजनिकीकरणको उदाहरण । यसमा यौनिक चेतना, सशक्तीकरण तथा

मूलप्रवाहीकरण अभिव्यक्त छ । व्यक्तिगत मात्र होइन सामुदायिक भूमिकामा समेत उत्साहित बन्दै सक्रिय र जिम्मेवार हुन आग्रह गरिएको छ किरणका माध्यमबाट । "उनीहरूका लागि मैले केही गर्न सकेँ भने मेरो जीवन सार्थक हुने छ" (पृ.१९१)। किरणको आत्मबोध तथा दायित्वबोधको अभिव्यक्ति, यसमा चेतनाको अभावमा पीडित बनेर, हेपिएर वा तिरस्कृत बनेर रहेका तेस्रो लिङ्गी तथा लैङ्गिक अल्प सङ्ख्यकहरूको सम्मानसहित सामुदायिक भूमिकामा आफू समर्पित हुनुपर्ने सशक्त विचार व्यक्त भएको छ यहाँ । यति मात्र होइन किरणले "म बिजनेस गर्न चाहन्छु । म अब ज्योतिका नामबाट नागरिकता लिन चाहन्छु" (पृ.१९१-१९४)। भन्नु आत्मविश्वासका साथ उत्पादक भूमिकातर्फ उन्मुख भएको तथा आफ्नो पहिचानमा सशक्त बनेको अवस्था हो ।

समाजले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका सम्बन्धमा निर्माण गरिदिएको नकारात्मक मानसिकता सचेततापूर्वक अन्त्य गर्नुपर्छ र परिवर्तनतर्फ उन्मुख हुनुपर्छ भन्ने कुरा किरणकी दिदी रश्मीले किरणको पक्ष लिँदै बाबालाई चुनौती दिँदै भनेको कुराले व्यक्त हुन्छ । "यो ऐँजेरु हैन बाबा ! तपाईंको छोरी । मेरो बहिनी । हामी त बच्चा थियौँ, जान्दैनथ्यौँ । हाम्रो दिमागमा यसको बारेमा नराम्रो कुराले भर्नुभो । तपाईं त देश चलाउने विद्वान् हुनुहुन्थ्यो नि ! किन आफ्नै छोरीको हक अधिकार मार्नुभयो" (पृ.१९५)। समाजका विभेदकारी सोचाइका विरुद्ध तथा कानुनी अधिकारका लागि आफै लड्न सक्नुपर्छ भन्ने विचार यहाँ प्रस्तुत छ । "म अब चुप लागेर बस्न चाहिनँ, नागरिकता मात्र हैन । मजस्ता अरू पीडितका शिक्षाका कुराहरू, दाम्पत्य जीवनका कुराहरू, रोजगारी, आफ्नो सम्पत्तिका कुराहरू । हरेक ठाउँमा यसका लागि लड्छु" (पृ.१९७)। कानुनी रूपमा किरणबाट ज्योति बन्नका लागि प्रशासन तथा बाबाबाट असहयोग भएपछि त्यसलाई अझ सशक्त बनाउने, आफ्नो मात्र होइन लैङ्गिक तथा यौनिक विशिष्टता भएकाहरूका लागि समर्पित हुने प्रतिबद्धतासहित किरणको सङ्कल्पले सशक्तीकरणलाई व्यञ्जित गर्दछ ।

आत्मविश्वासका साथ सङ्घर्ष गर्दै आफ्नो प्रतिभा उद्घाटन गर्न सकेमा अवसरबाट बञ्चित हुनु पर्दैन भन्ने विचार व्यक्त गरिएको छ उपन्यासमा । किरण लैङ्गिक तथा यौनिक विशिष्टता भएका व्यक्तिहरूको अधिकारका लागि हुने अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन सक्षम देखाइएको छ । "अन्तर्राष्ट्रिय स्तरमा जाने पहिलो अवसर थियो मेरो । ... पहिलोपल्ट अन्तर्राष्ट्रिय हवाइयात्रा गर्दै थिएँ । भारतबाट पर्केपछि अन्तरलिङ्गी बालबालिका बारेमा एउटा लेख लेख्दै थिएँ । ... युएन कमिटीले नेपाल सरकारलाई अन्तरलिङ्गीको मुद्दाको लागि सिफारिस गर्‍यो । म नेपालको लागि छानिएँ । ... रेशमले ताइवानको लागि एउटा प्रोग्राम हुँदै गरेको बतायो । ... म त्यस प्रोग्रामको तयारीको लागि लागिपरिसकेकी थिएँ । ... म उताको लागि प्रस्थान गरेँ" (पृ.२०२-२०३)। उपन्यासकारले किरणको सफलता, उत्तरदायित्वबोध, सक्षमतामा उपन्यासको उद्देश्य बाँधेको देखिन्छ ।

हेपिएका तथा उपेक्षा गरिएका व्यक्तिहरूले अवसर पाए भने उनीहरूमा रहेको विशेष क्षमता प्रकट हुन्छ र सफल बन्न सक्छन् । तसर्थ त्यस्ता व्यक्तिको प्रतिभा प्रस्फुटनमा समेत ध्यान दिनुपर्दछ भन्ने विचार उपन्यासमा प्रस्तुत गरिएको छ । रेशमले किरणको चित्रकलाको प्रशंसा मात्र होइन चित्रमार्फत गरिएको अन्तरलिङ्गी अवस्थाको यथार्थ उद्घाटनसमेत गर्दै किरणको बहुमुखी क्षमताको उद्घाटन र कलाले समग्र समाजको प्रतिविम्बन गरेको खुलासा गरेको उदाहरण तथा किरणको चित्रकारिता, सार्वजनिकीकरण,

उत्पादक भूमिका एवम् सफलताको प्रस्तुतिले यस्तै विचारको पक्षपोषण गरेको छ। "ऐना उभिएको एउटा पुरुष आकृतिको पछाडि भाग तर, ऐनाभित्र युवती। यसको भित्री आवरण ऐनाले खुलाएको छ। ... तिम्रा चित्रहरूमा जिन्दगीको बाहिरी खोल हैन। गुदी नै छ। जीवन छ। मेरो चित्रकलाको प्रदर्शनीमा मैले सोचेभन्दा धेरै कलाप्रेमीहरूको उपस्थिति मलाई अझ हौसला मिल्यो" (पृ.२०४-२०५)।

आफूलाई कहिल्यै मानिस र सन्तानको दर्जामा नराख्ने बाउप्रति पनि किरण जिम्मेवार बनेको घटना सुन्दर छ उपन्यासमा। जसमा अभिभावक वा बाउप्रतिको कर्तव्यबोध, बाउ बाउको दर्जामा नभए पनि वा खराब चरित्रका भए पनि कायाको हत्या प्रकरणमा निर्दोष रहेकाले सजायँ पाउनु हुन्न भन्ने किरणको अभिव्यक्तिमार्फत सत्यको जीत हुनुपर्छ भन्ने लेखकीय न्याय पनि उपन्यासमा प्रस्तुत छ। "मेरो पनि उनीप्रति दायित्व थियो। मैले बाउलाई यस फन्दाबाट छुटाउने कोसिस गरें। बाउले यस्तो गरेकोमा दुःख मनाउ गरे रे। आँखा आँसुले भरियो रे" (पृ.२११-२१२)। यहाँ किरणका बाबु विश्वकाजी कायालाई मारेको अभियोगमा जेल परेका बेला किरणको शारीरिक संरचनासँग उसको नागरिकता सुहाउँदो नभएकाले भेट्न नपाएको अवस्था रेशमले बाबुसँग बताउँदा त्यस्तो नागरिकता बनाइदिने आफै भएको, किरणलाई बेवास्ता गरेको कुराप्रति गल्ती महसुस गर्दै मानसिकता परिवर्तन भएको अवस्थाको चित्रण गर्नु पनि उपन्यासकारको सोद्देश्यमूलक विषय उठान हो भन्न सकिन्छ। जुन समाजको मानसिकता परिवर्तनका लागि आधार बन्न सक्छ। "प्रथम हुनेले अमेरिकामा हुने विश्वव्यापी चित्रकला प्रदर्शनीमा सहभागी हुन पाउने जानकारी दिँदै उद्घोषकले मेरो नाम लिनासाथ बाउ बुर्लक्क उफ्रिएर चिच्याउँदै थपडी बजाउन थाले" (पृ.२१६)। किरणको उपलब्धि तथा सफलतामा जीवनभर उपेक्षा गरिरहने र सन्तानको दर्जासमेत नदिने उसका बाबु परिवर्तन भई गर्व गरेको छ। यौनिक अल्पसङ्ख्यकप्रति सकारात्मक बुझाइको आवश्यकता छ। उनीहरू पनि अन्य सामान्य मानिसजस्तै हुन्। त्यस्तालाई अझ विशेष ख्याल गर्दै हक अधिकार कायम गर्न गराउन लाग्नुपर्छ भन्ने कुरा उपन्यासमा व्यक्त गरिएको छ।

## निष्कर्ष

आवरण उपन्यास अन्तरलिङ्गी यौनिकता भएका व्यक्तिले नेपाली समाजमा भोग्नुपरेका समस्या, चुनौती तथा सफलताको कथामा आधारित छ। यस उपन्यासमा तेस्रो लिङ्गी तथा यौनिक अल्पसङ्ख्यकहरूले भोग्नुपरेका यौनिक हिंसाको उद्घाटन गरिएको छ। पात्रहरूमा देखाइएको परिवर्तन, जिम्मेवारीबोध तथा स्वीकार उपन्यासका सबल पक्ष हुन्।

ज्योतिले गर्नुपरेको सङ्घर्ष, कारुणिकता र सफलताले उपन्यास जीवन्त बनेको छ। किरणको सफलताले उपन्यास सुखान्त बनेको छ। उपन्यासमा रहेको कथावस्तु वर्तमान समय र समाजसँग प्रत्यक्ष मेल खाने किसिमको छ। कथानकको गति प्रारम्भमा अलि शिथिल छ तर उत्तरार्धमा बढी गतिशील बनेको छ, अर्थात् कथानकको गतिमा एकरूपता छैन। पात्रहरूको स्थापना र संयोजन सन्तुलित छ। उपन्यासको अन्त्यतर्फ असत् चरित्र पनि सत् चरित्रमा रूपान्तरण भएको देखाइएको छ। मूलतः प्रथम पुरुषात्मक दृष्टिबिन्दुको उपयोग गरिएको भए तापनि तृतीय पुरुषात्मक दृष्टिविन्दुको समेत उपयोग गरिएको छ। वातावरण तथा परिवेशको सुहाउँदो संयोजन गरिएको छ। उपन्यासमा व्यक्त विचार केही बोझिलो छ। उपन्यासमा स्वाभाविक भाषाशैली र छोटा तर सटिक वाक्यहरू रहेका छन्। अन्तरलिङ्गीका भावना हुन्छन्, मन

हुन्छन्, यौन चाहना हुन्छन्, विविध मनोवैज्ञानिक सन्दर्भ हुन्छन्, उनीहरू पनि प्रेम चाहन्छन्, उनीहरूका इच्छा आकाङ्क्षा हुन्छन्, सामाजिक स्वीकार चाहन्छन्, कानुन र व्यवहारमा मेल चाहन्छन् भन्ने कुरा उपन्यासकारले उठान गरेका छन् । यौनिक सामान्यता भएका अधिकांश पात्रहरूको जीवन विसङ्गत र समस्याजनित तुल्याइनु उपन्यासका सीमा हुन् ।

समग्रमा, उपन्यासको विषयवस्तु, पात्र संयोजन, परिवेश, दृष्टिविन्दु तथा भाषाशैली उपयुक्त छ । विचार प्रधान भएरै पनि उपन्यास कलात्मक बनेको छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमध्ये विशेषतः अन्तरलिङ्गीका जैविक अवस्था, उनीहरूका समस्या उद्घाटन गर्दै उनीहरूको सशक्तीकरण तथा मूलप्रवाहीकरण गरिएको छ ।

## सन्दर्भ सामग्री सूची

अब्राम्स, एम. एच. एन्ड जी. जी. हार्फम (सन् २००५), *अ ग्लोसरी अफ लिटेररी टर्म्स,* अमेरिकाः थम्सन वर्डस वर्थ ।
अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौँः ज्ञानकुञ्ज प्रकाशन ।
ओझा, जया (२०७३), *आवरण,* काठमाडौँः शिखा बुक्स ।
उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौथो संस्क.), काठमाडौँः अक्षर क्रियसन्स ।
एकर्ट, पी. एन्ड एस. एम. गिनेट (सन् २००३), *ल्याङ्ग्वेज एन्ड जेन्डर,* न्यूयोर्कः क्याम्ब्रिज पब्लिकेसन ।
खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचनाः सिद्धान्त र प्रयोग,* काठमाडौँः सनलाइट पब्लिकेसन ।
टाइसन, लुइस (सम्पा.) (सन् २००६), *क्रिटिकल थ्योरी टुडे* (दोस्रो संस्क.), न्युयोर्कः रट्लेज ।
पिल्चर, जे. एन्ड आइ. ह्वेलहेन (सन् २००४), *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज,* लन्डनः सेज पब्लिकेसन्स ।
फुको, मिचेल (सन् १९७८), *द हिस्ट्री अफ सेक्सुआलिटी* (भोलुम.१), न्यूयोर्कः पान्थेन बुक्स ।
बट्लर, जुडिथ (सन् १९९०), *जेन्डर ट्रबल,* न्युयोर्कः रट्लेज ।
बुभा, सिमोन द (सन् १९४९), *द सेकेन्ड सेक्स* (अनु. रमेश सुनुवार), काठमाडौँः प्रगति पुस्तक सदन ।
मिलेट, काट (सन् २०००), *सेक्सुअल पोलिटिक्स* (रिप्रिन्टेड), अमेरिकाः युनिभर्सिटी अफ इलिनोइस प्रेस ।
मिल्स, सारा एन्ड मुलानी, लुइस (सन् २०११), *ल्याङ्वेज, जेन्डर एन्ड फेमिनिज्म,* न्युयोर्कः रट्लेज ।
वेदरल, आन (सन् २००९), *जेन्डर ल्याङ्ग्वेज एन्ड डिस्कोर्स* (डिजिटल प्रिन्ट), न्युयोर्कः रट्लेज ।